सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.स. :-२०८०/०८१
च.न. :-

मिति:-२०८०/०४/०२

## सहकारी संस्थाहरुलाई विवरण उपलब्ध गराउनेबारे सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०२**

सिमकोट गाउँपालिका सहकारी ऐन, २०७५ को दफा २८ को उपदफा (२) ले संस्थाको साधरण सभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र बोलाउनु पर्ने, दफा ५४ को उपदफा (१) ले आर्थिक वर्ष समाप्त भएको मितिले बढिमा ३ महिनाभित्र प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखा परिक्षकबाट संस्थाको प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण गराउनुपर्ने र ऐनले तोकिए बमोजिमका विवरणहरु बुझाउनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा ७९ ले विभिन्न कसुरजन्य कार्यहरु, दफा ८० सजाय, दफा ८१ ले जरिवाना र दफा ६६ ले सहकारीको विघटन वा दर्ता खारेजीको व्यवस्था गरेको छ।

यस्तो कानूनी व्यवस्था हुँदाहुदै केही सहकारी संस्थाहरुले साधरण सभाको जानकारी, लेखापरिक्षण प्रतिवेदन लगायत तोकिए बमोजिमका विवरणहरु समयमा नै पेस गर्ने गरेको नपाइएको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सिमकोट गाउँपालिका कृषि विकास शाखामा उक्त विवरणहरु बुझाई अद्यावधिक गर्नुहुन सम्वन्धित सबै सहकारी संस्थाहरुलाई अनुरोध गरिन्छ। अन्यथा कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

........................
नेत्र बहादुर शाही
कृषि शाखा प्रमुख

........................
उजिर रोकाया
प्रमुख प्रशासकीय अधिकृत